स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

''वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।''

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



५० प्रतिशत छायांकन रोमानियामा भएपछि रोकिएको फिल्म 'वर एन्ड वधु'को काम अघि बढ्ने भएको छ । निर्देशक मिलन चाम्सका अनुसार चैतको तेस्रो सातादेखि यो फिल्मको छायांकन नेपालमा हुनेछ । रोमान्टिक कमेडी कथामा निर्माण भइरहेको फिल्मको शीर्ष भूमिकामा आँचल शर्मा छिन् । फिल्ममा डेब्यु कलाकार विवेक कर्माचार्यसँग उनले अनस्क्रिन रोमान्स गरिरहेकी छन् । दोस्रो चरणको छायांकनका लागि विवेकले आफ्नो शरीर समेत सुगठित बनाएका छन् ।

**आजको विचार...**



बाल..
*(दुई पेजमा)*

गोविन्द विक

'महाजात्रा' फिल्मको निर्माण संस्था षट्कोण आर्ट्सले फिल्मको गीत 'मुरी मुरी साथी' युट्युबमा सार्वजनिक गरेको छ । गीतमा फडिन्द्र (विपिन कार्की), जोयश (रवीन्द्रसिंह बानियाँ) र मुन्ना (रवीन्द्र झा) बिचको मित्रतालाई देखाइएको छ ।



❑ वर्ष २९ ❑ अंक २३८ ❑ २०८० चैत १५ गते बिहीबार 28 March 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### जर्मनीमा बाल गरिबीको दर उच्च

**(रासस/सिन्ह्वा)**

**बर्लिन,** चैत १४/जर्मनीमा बाल गरिबीको दर उच्च देखिएको छ । सन् २०२२ मा पाँचमध्ये एक बालबालिका गरिबीबाट प्रभावित भएको जर्मनीको कल्याणकारी संघले उल्लेख गरेको छ । जर्मनीका छ वटा केन्द्रीय स्वैच्छिक कल्याणकारी संघहरूमध्ये एक 'परितातिशे जेसमट्वरब्यान्ड'को प्रतिवेदनका अनुसार युरोपमा करिब एक करोड ४२ लाख मानिस गरिबीमा बाँचिरहेका छन् । यसको प्रत्यक्ष असर एकल अभिभावक, ठूलो परिवार र थोरै शैक्षिक योग्यता भएका वा जर्मन नागरिकता नभएका मानिसहरूमा परिरहेको छ । सन् २०२२ मा जर्मनीमा गरिबी धेरै उच्च स्तरमा रहेको र अघिल्लो वर्षको तुलनामा यो संख्या केही कम भए पनि २०१९ को कोभिड-१९ महामारी र ऊर्जा संकट अघिको तुलनामा अझै १० लाख बढी रहेको संस्थाको प्रबन्ध निर्देशक उलरिच स्नाइडरले बताए । सरकारले विगत दुई वर्षमा कर कटौती र ऊर्जा मूल्य राहत उपायहरूका तीव्र रूपमा बढ्दो मूल्यहरूको प्रतिरोध गरेको छ । न्यूनतम पारिश्रमिक पनि दुई चरणमा गरी १०.४५ युरो बढाइएको थियो । यद्यपि जेसमट्वर ब्यान्डले यस पारिश्रमिक मूल्यलाई अपर्याप्त मानेको छ र न्यूनतम पारिश्रमिकलाई युरोमा बढाउन आह्वान गरिरहेको छ ।

# आजदेखि एसइई : पाल्पामा परीक्षा दिने बर्सेनि घट्दै

## ●७ सय ९४ जनशक्ति परिचालन ●४ सय ५ सुरक्षाकर्मी खटिँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १४/ पाल्पामा माध्यमिक शिक्षा परीक्षा (एसइई) दिने विद्यार्थीको संख्या बर्सेनि घट्दै गएको छ । शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाको पछिल्ला पाँच शैक्षिक सत्रको तथ्यांकअनुसार जिल्लामा प्रत्येक वर्ष एसइईका परीक्षार्थीको संख्यामा कमी आएको देखिन्छ ।

यो वर्ष आजदेखि सुरु हुने परीक्षामा जिल्लाबाट ४ हजार १ सय ८२ जना विद्यार्थी सहभागी हुँदैछन् । यो गत वर्ष भन्दा ३ सय ७२ ले कम हो । यहाँ २०७९ मा ४ हजार ५ सय ५४ जना विद्यार्थीले एसइई दिएका थिए । २०७६ मा ५ हजार १८ जना विद्यार्थीले परीक्षा दिएकोमा २०७७ मा ४ हजार ८ सय ८४ र २०७८ मा ४ हजार ८२ जनाले परीक्षा दिए । यो



**२०७६ देखि २०८० सम्मको तुलनात्मक विद्यार्थी विवरण**

| शैक्षिक वर्ष | जम्मा विद्यार्थी | घटेको दर |
|---|---|---|
| २०७६ | ५०१८ | - |
| २०७७ | ४८८४ | -१३४ |
| २०७८ | ४७८२ | -१०२ |
| २०७९ | ४५५४ | -२२८ |
| २०८० | ४१८२ | -३७२ |

ग्राफलाई हेर्ने हो भने बर्सेनि परीक्षा दिने विद्यार्थी घट्दै गएका छन् । तल्लो कक्षमै विद्यार्थीहरुको संख्या अत्यन्त कम हुँदै गएपछि एसइई दिने विद्यार्थीको संख्यामा समेत कमी आएको हो ।

यसवर्ष पाल्पाबाट नियमिततर्फ ४ हजार १० र ग्रेड बृद्धितर्फ १ सय ७२ जना विद्यार्थीले परीक्षा दिदैंछन् । नियमिततर्फ २ हजार ८८ छात्रा र १ हजार ९ सय २२ छात्रले परीक्षा दिन लागेका हुन् । यस्तै ग्रेडवृद्धितर्फ ७६ जना छात्रा र ९६ जना छात्रले परीक्षा दिनेछन् । परीक्षामा सामुदायिक विद्यालयतर्फका तीन हजार ६ सय ९५ र संस्थागत विद्यालयका ४ सय ८७ जनाले परीक्षा दिन लागेका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख महेन्द्र सुवेदीले जानकारी दिए । उनका अनुसार सामुदायिक विद्यालयबाट छात्रा एक हजार ९ सय ६४ र छात्र १ हजार ७ सय ३१ परीक्षार्थी परीक्षामा सहभागी हुँदैछन् । यस्तै संस्थागततर्फका छात्रा २ सय र छात्र २ सय ८७ जना रहेका छन् । परीक्षामा सहभागी परीक्षार्थी मध्ये २ सय ६७ जना विद्यार्थी प्राविधिकधारतर्फका रहेका छन् । जसमा १ सय २६ जना छात्रा र १ सय ४१ जना छात्र रहेको समन्वय इकाई प्रमुख सुवेदीले एनजेडीलाई जानकारी दिए । उनका अनुसार एक जना कारागारबाट, एक जना हिरासतबाट र एक जना अपाङ्ग दृष्टिविहीन विद्यार्थीले परीक्षा दिन लागेका छन् । जिल्लामा सबै भन्दा बढी २ सय ८७ दरैठाँटी मावि रामपुर केन्द्रबाट परीक्षार्थी सहभागी हुँदैछन् । परीक्षाको लागि २७ वटा केन्द्र निर्धारण गरिएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख सुवेदीले जानकारी दिए । यस वर्षको एसइई आजदेखि एकैसाथ पाल्पा सहितदेशभर शुरु हुँदैछ । विहान ८ बजेदेखि हुने परीक्षामा आज पहिलो दिन अंग्रेजी विषयको परीक्षा हुनेछ । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षदेखि नयाँ पाठ्यक्रम अनुसार एसइई लिन लागेको हो । आजदेखि २७ गतेसम्म सञ्चालन हुने परीक्षाका लागि पाल्पामा आवश्यक तयारी पुरा भएको समन्वय इकाईले जनाएको छ ।

**७ सय ९४ जनशक्ति परिचालन**

एसइई परीक्षा सञ्चालनका लागि पाल्पामा ७ सय ९४ जना जनशक्ति परिचालन गरिएको छ । जसमा ४ सय ५ जना सुरक्षाकर्मी, २७ जना केन्द्राध्यक्ष, २८ जना सहायक केन्द्राध्यक्ष, २ सय १० निरीक्षक, ४० परीक्षा सहायक निरीक्षक र ८४ कार्यालय सहयोगी रहेछन् । समन्वय इकाइका अनुसार एउटा परीक्षा केन्द्रमा कम्तीमा पनि सबै गरी २५ जना जनशक्ति खटिने छन् । सुरक्षा संवेदनशीलता भएका केन्द्रमा भने बढी जनशक्ति परिचालन हुनेछ ।

**४ सय ५ सुरक्षाकर्मी खटिँदै**

एसइई परीक्षालाई सुरक्षित र मर्यादित बनाउन जिल्लाभरका परीक्षा केन्द्रहरूमा ४ सय ५ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । परीक्षाको प्रश्नपत्र केन्द्र पुऱ्याउनेदेखि उत्तरपुस्तिका परीक्षण केन्द्रसम्म पुऱ्याउने जिम्मा पनि प्रहरीलाई नै दिइएको छ । परीक्षाका बेला सुरक्षाकर्मीको महत्वपूर्ण भूमिका हुने भएकाले नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट ठूलो संख्यामा प्रहरी परिचालन गरिएको हो ।

*(...बाँकी अन्तिम पेजमा)*

## पाल्पामा १९ वर्षीया किशोरीको शव फेला



**पाल्पा,** चैत १४/जिल्लाको रिब्दीकोट गाउँपालिका-१ ख्याहास्थित लप्सीखोला नजिकैको जंगलमा एक किशोरीको शव फेला परेको छ । मंगलबार बिहान कपडा धुन खोलामा गएकी १९ वर्षीया पदमा सुनारको घोप्टो परेको अवस्थामा शव फेला परेको हो ।

कपडा धुन गएकी पदमा अबेरसम्म घर नफर्किएपछि परिवार, छिमेकीले खोज्ने क्रममा मंगलबार साँझ जंगलमा शव फेला पारेका थिए । स्थानीयले उनको शव क्षतविक्षत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै प्रहरी घटनास्थलमा पुगेर अनुसन्धान थालेको छ । कपडा धोएर घर फर्केर्ने क्रममा घटना भएको हुनसक्ने स्थानीयले बताएका छन् । उनीहरुका अनुसार पदमाको हत्या भएको हुन सक्ने आशंका गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका डिएसपी सुगन्ध श्रेष्ठले भने घटना के कति कारणले भएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको बताए । उनले भने 'अहिले शवको परीक्षण भइरहेकाले घटनाको यकिन तथ्य आएको छैन् । अनुसन्धानपछि घटनाको सम्पूर्ण सत्य तथ्य बाहिर ल्याइने छ ।' उनको घर र कपडा धुन गएको खोला डेढ किलोमिटर टाढा पर्छ । बाटोमै रगत देखिएकाले हत्या भएको हुन सक्ने स्थानीयको भनाई छ । पदमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी हुन् ।

## सांघातिक आक्रमणबाट सहकारी अभियन्ता पाण्डे घाइते

### आक्रमण गर्नेलाई कारवाही गर्न पाल्पाका सहकारी संघहरुको माग

**पाल्पा,** चैत १४/सांघातिक आक्रमणबाट पाल्पाका सहकारी अभियन्ता भूपति पाण्डे गम्भीर घाइते भएका छन् । मंगलबार पाल्पाको रामपुरमा सहकारी अभियानका विषयमा छलफल भइरहेका बेला पाण्डे माथि सांघातिक आक्रमण भएको थियो ।

रामपुरका सोमबहादुर सेन र रुद्रनारायण श्रेष्ठ लगायतका व्यक्तिहरुले उनी माथि सुनियोजित रुपमा आक्रमण गरेको बताइएको छ । आक्रमणबाट पाण्डेको करङ् भाचिएको छ । उनको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचार भइरहेको छ । सरकारी अभियानको 'सहकारीमा



सुशासन प्रविधि र एकीकरण' भन्ने नारालाई सार्थक बनाउन रामपुरको सुर्योदय सहकारी र ताल पोखरा कृषि सहकारीबिच एकीकरणका विषयमा छलफल भइरहदा उनी माथि एक्कासी आक्रमण भएको जिल्ला सहकारी संघ पाल्पाले जनाएको छ । आक्रमण गर्ने व्यक्तिहरु अहिले फरार रहेका छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## परीक्षा मर्यादित र शान्तिपूर्ण होस्

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आजदेखि देशव्यापी रूपमा सञ्चालन हुँदैछ । परीक्षा नियन्त्रण कार्यालयको तथ्यांक अनुसार पाँच लाख चार हजार ४ सय १४ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । एसइई विद्यार्थीहरुको सुरक्षित भविष्यको ढोका पनि हो । त्यसैले उनीहरु सुरक्षित भविष्य खोज्दै एसइईको महासंग्राममा जुट्दैछन् । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षदेखि नयाँ पाठ्यक्रम अनुसार एसइई लिँदैछ । जे-जस्तो अवस्था आए पनि परीक्षा उत्तीर्ण गर्नुपर्छ भन्ने मानसिकता आम विद्यार्थी र अभिभावकमा हुने गर्दछ । परीक्षाको सफलतासँगै त्यसले भविष्य निर्धारण गर्ने भएकाले एसइई जस्तो परीक्षालाई जो कोहीले पनि सामन्य रुपमा लिन सक्दैन । यो परीक्षा उच्च शिक्षाको प्रवेशद्वार भएका कारण यसलाई अभिभावक र विद्यार्थीले समेत भविष्यसँग जोडेर हेर्ने गर्दछन् । एसइई भनेको लामो स्कुले जीवनबाट पार पाउने एउटा तह पनि हो । तर यसलाई समाजका प्रायः सबैजसोले ‘फलामे ढोका’को संज्ञा दिने गरेका छन् । एसएलसी परीक्षा एसइईमा रुपान्तरण हुँदासम्म पनि यो परीक्षालाई ठूलो हाउगुजी बनाइएको छ । यो परीक्षा पास गरिएन भने संसारै डुब्छ भनेर सिकाउँदै आइएको छ । यस्तै सिकाइका कारणले नै यो परीक्षा दिनानुदिन अमर्यादित बन्दै गएको छ । यही कारणले प्रत्येक वर्ष परीक्षामा नक्कली परीक्षार्थी भेटिने, निरीक्षकले नै परीक्षार्थीलाई सिकाउने लगायतका विभिन्न अमर्यादित कार्य यसैको परिणाम हो । जुनसुकै परीक्षा भए पनि त्यसलाई अमर्यादित बनाइनु हुँदैन । परीक्षा भविष्यका कर्णधारका रुपमा रहेका लाखौं विद्यार्थीहरुले गरेको लगानीको परिणाम देखाउने महापरीक्षा पनि हो । त्यसैले परीक्षालाई व्यवस्थित, मर्यादित बनाउने विषयमा सरोकारवाला निकायले ध्यान दिनुपर्छ ।

विद्यार्थीहरुको भविष्यसँग जोडिएको विषयमा खेलवाड गर्ने अधिकार कसैलाई पनि छैन । परीक्षा बोर्डले परीक्षालाई शान्त, अनुसाशित, मर्यादित बनाउने भनेको छ । यद्यपि परीक्षा नसकिन्जेलसम्म व्यवस्थित रुपमा सञ्चालन हुन सक्छ कि सक्दैन ? भन्ने प्रश्न भने यथावत् नै रहन्छ । विद्यार्थीहरुलाई शान्त र निर्धक्कसँग परीक्षा दिने वावातरण सबै पक्षबाट हुनुपर्छ । परीक्षामा बाह्य हस्तक्षेप हुनु, परीक्षा हलमा अनुशासनहीनताले बढवा पाउनुजस्ता सम्भावनालाई नकार्न सकिँदैन । तर यस्ता गतिविधि रोक्नका लागि परीक्षाको समयमा राम्रोसँग अनुगमन गरिनुपर्छ । यसो भयो भने विद्यार्थीले ढुक्क र निर्धक्कसाथ परीक्षा दिन सक्ने छन् । तसर्थ आजदेखि सञ्चालन भएको परीक्षालाई मर्यादित र शान्तिपूर्ण बनाउने दिशामा सबैको ध्यान जाओस् । एसईई दिने सम्पूर्ण विद्यार्थीहरुलाई सफलताको शुभकामना !

## Opinion @ Social Network

प्रेम गर्ने र मुटु रोगी एउटै हुन् जसको आयु मापन गर्न सकिँदैन ।
हर मानिस प्रेमी बन्न खोज्दछ तर हर प्रेमी सच्चा प्रेमी बन्न सक्दैन ।
(मिना गोदारको फेसबुक स्टाटस *https://www.facebook.com/mina.godar.58*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाल हिंसा किन रोकिन्न ?



## गोविन्द विक

*सबै स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति गरी बालहितमा काम गर्नुपर्ने नीतिगत व्यवस्थामा कुनै कमि छैन । बालबालिका सम्बन्धी बनेको पछिल्लो नियमावली २०७८ मा पनि बालमैत्री व्यवहारदेखि बालबालिकाको क्षमता वृद्धिसम्मका नीतिगत व्यवस्था उल्लेख गरिएकै छन् । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार एकदेखि चौध वर्ष उमेर समूहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ । प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न किसिमका लैंगिक हिंसाबाट २ हजार ५४३ जना बालबालिका पीडित भएको पाइएको छ । नेपाल प्रहरीको २०७८/७९ को रेकर्ड हेर्दा पनि ९६ जना बालिकामाथि जबरजस्ती करणी भएको र त्यसमध्ये ६१ जना बालिका ११ देखि १६ वर्ष उमेरका रहेको देखिन्छ । जबरजस्ती करणी हुनेमा ११ देखि १८ वर्ष उमेरका बालिकाको संख्या ५६ प्रतिशत रहेको अध्ययनले देखाउँछ । यसरी बालिकाहरू असुरक्षित बनिरहनु भनेको बालअधिकार कार्यान्वयनमा राज्यका लागि थप चुनौती देखिनु हो । कलिला बालबालिकालाई यौनको भोक मेट्ने साधनको रूपमा जबरजस्ती स्थापित गर्न खोज्नेहरूको भीडले आज हरेक बालिकाहरूलाई त्रसित मात्रै बनाएको छैन उनीहरूको अस्तित्व नै धरापमा पार्ने काम समेत भइरहेको छ । विशेषगरी बालबालिका असुरक्षित हुनुमा राज्यको कमजोरी त छँदैछ अभिभावकको बेवास्ता पनि त्यत्तिकै जिम्मेवार छ । घरमा होस् वा विद्यालय छात्रावासमा होस् वा बालआश्रम बालिकाहरू असुरक्षित भइरहेका छन् ।*

नेपालको संविधान २०७२ ले बाल हिंसालाई पूर्ण रूपमा निषेध गरेको छ । संविधानको धारा ३९ मा बालबालिका सम्बन्धी हकको व्यवस्था छ । धारा ३९ को उपधारा ६ मा कुनै पनि माध्यम वा प्रकारले बालबालिकामाथि दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने उल्लेख छ । यसैगरी सोही धाराको उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था छ । यदि यी व्यवस्था विपरीतका कार्य भए दण्डनीय हुने स्पष्ट व्यवस्था समेत संविधानमा गरिएको छ । बालबालिकामाथि हुने हिंसालाई कानुनले निषेध गरे तापनि व्यावहारिक रूपमा बालबालिकामाथि हिंसा रोकिएको छैन । बालबालिका सम्बन्धी बनेका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र नेपाल पनि हो । बालबालिकाको अधिकार पूर्ण रूपमा सुनिश्चित गर्नका लागि राज्यको प्रतिबद्धता पनि छँदैछ ।

संघीय कानुनसँग नबाझिने गरी स्थानीय तहले कार्यविधि निर्देशिका बनाएर काम गर्ने अधिकार हुँदाहुँदै पनि बालअधिकार सुनिश्चितताका लागि प्रभावकारी काम भएको पाइँदैन । बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि बालमैत्री व्यवहारका विषयमा प्रष्ट पारेको छ । सबै स्थानीय तहमा नगर र वडा स्तरको बालअधिकार गठन गरी बालअधिकार प्रवर्द्धन सहित बालबालिकाको हितमा काम गर्ने व्यवस्था छ । सबै स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति गरी बालहितमा काम गर्नुपर्ने नीतिगत व्यवस्थामा कुनै कमि छैन । बालबालिका सम्बन्धी बनेको पछिल्लो नियमावली २०७८ मा पनि बालमैत्री व्यवहारदेखि बालबालिकाको क्षमता वृद्धिसम्मका नीतिगत व्यवस्था उल्लेख गरिएकै छन् । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार एकदेखि चौध वर्ष उमेर समूहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ । प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न किसिमका लैंगिक हिंसाबाट २ हजार ५४३ जना बालबालिका पीडित भएको पाइएको छ । नेपाल प्रहरीको २०७८/७९ को रेकर्ड हेर्दा पनि ९६ जना बालिकामाथि जबरजस्ती करणी भएको र त्यसमध्ये ६१ जना बालिका ११ देखि १६ वर्ष उमेरका रहेको देखिन्छ । जबरजस्ती करणी हुनेमा ११ देखि १८ वर्ष उमेरका बालिकाको संख्या ५६ प्रतिशत रहेको अध्ययनले देखाउँछ । यसरी बालिकाहरू असुरक्षित बनिरहनु भनेको बालअधिकार कार्यान्वयनमा राज्यका लागि थप चुनौती देखिनु हो । कलिला बालबालिकालाई यौनको भोक मेट्ने साधनको रूपमा जबरजस्ती स्थापित गर्न खोज्नेहरूको भीडले आज हरेक बालिकाहरूलाई त्रसित मात्रै बनाएको छैन उनीहरूको अस्तित्व नै धरापमा पार्ने काम समेत भइरहेको छ । विशेषगरी बालबालिका असुरक्षित हुनुमा राज्यको कमजोरी त छँदैछ अभिभावकको बेवास्ता पनि त्यत्तिकै जिम्मेवार छ । घरमा होस् वा विद्यालय छात्रावासमा होस् वा बालआश्रम बालिकाहरू असुरक्षित भइरहेका छन् । निर्मला पन्त, सम्झना कामी, भागीरथी भट्टराई, कोशिला कुमारी यी बालिकाहरूको हत्या सम्झँदा अझै पनि हाम्रो मन बेचैन हुन्छ । चितवनकी शलिना पोखरेलको मृत्यु प्रकरणले सिंगो राष्ट्रलाई नै रुवाएको छ । पारिवारिक विखण्डनको मारमा परेकी शलिना घाँटीमा पासो लगाएर झुन्डिएको कारण मृत्यु भएको पोष्टमार्टम रिपोर्टले देखाएको छ । विशेषगरी बालबालिकामाथि हुने हिंसाजन्य घटनाबाट जोगाउनका लागि आभिभावकको भूमिका महत्वपूर्ण हुने कुरामा कुनै द्विविधा छैन । बालबालिकाका लागि पहिलो सुरक्षाकर्ता बुबा-आमा नै हुन् । बालबालिकालाई शोषणरहित वातावरणमा हुर्कने अवसर अभिभावकले तयार गर्ने हो तर कतिपयका घरपरिवारमा त्यस्तो देखिएको छैन । अभिभावकको विच्छेद वा बुबा-आमाको विखण्डनमा परेका वा पारिएका परिवारको मायाभन्दा निकै पर रहेका बालबालिका हिंसामा परेका छन् । सबै स्थानीय तहमा बाल मनोसामाजिक कर्ता हुनुपर्ने कानुनी व्यवस्था छ तर पनि अझैसम्म कतिपय स्थानीय तहहरूले बाल मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरेका छैनन् । जसका कारण समस्यामा परेका बालबालिकालाई पहिचान गरी दुर्घटनाबाट जोगाउन नसकिएको देखिन्छ । कुनै पनि बालक वा बालिका पारिवारिक वा व्यक्तिगत समस्याले विचलित भएको अवस्थामा मनोसामाजिक परामर्श दिन सकियो भने सम्भावित दुर्घटनाबाट जोगाउन सकिन्छ तर अभिभावक वा संरक्षकको ध्यान यसतर्फ भएको देखिँदैन । बालिकामाथि हुने हिंसा, बलात्कारमा संलग्न जो-कोहीलाई पनि कारबाहीको संरक्षण गर्नु अर्को अपराध भइरहेको पनि देखिन्छ । जब दुर्घटना हुन्छ त्यसलाई सामान्य रूपमा लिएर विभिन्न संघ-संगठनहरू पीडकलाई उन्मुक्ति दिने प्रपञ्चमा लिप्त हुने गरेका नजिरहरू पनि नभएका होइनन् ।

घटनाहरू सामसुम पार्ने खेलहरू पनि भएका समाचार पढ्न पाइन्छ । पितृसत्तात्मक मानसिकतामा रुमलिएको हैकमवादी व्यवहारको अभ्यासले महिलालाई जहिल्यै पनि कमजोर र सन्तान उत्पादनको कारखाना मात्रै सोच्ने प्रवृत्तिको अन्त्य नगरुन्जेल बालिकाहरू यौन पिपासुको शिकार बनिरहन्छन् । बलात्कारको विरुद्धमा कानुनी अवस्थाको कुरा गर्दा मुलुकी अपराध संहिता २०७४ ले जबरजस्ती करणीको मुद्दामा पीडितको उमेर अनुसार सजायको फरक-फरक व्यवस्था गरेको छ । संहिताको परिच्छेद १८ मा करणी सम्बन्धी कसुरमा पीडित १६ वा त्यसभन्दा बढी १८ वर्षसम्मका महिला भए १० देखि १२ वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । पीडित १८ वर्षभन्दा माथि उमेरको महिला भए ७ देखि १० वर्षसम्म सजाय तोकिएको छ । बालिकाहरूमाथि हुने हिंसा र बलात्कारका घटना कुनै कोणबाट क्षम्य हुँदैनन् र हुनु पनि हुँदैन । विशेषगरी पहिलो सुरक्षाकर्ता अभिभावक नै आफ्ना बालबालिकाप्रति सचेत र चनाखो हुनु पहिलो शर्त हो । राज्यले पनि बालिकाहरूमाथि हुने गरेका हिंसाजन्य अपराधहरूमा कडा निगरानी राख्नुपर्दछ । राज्यले बालबालिकाको अधिकार प्रचलनका लागि व्यवहारमै कार्यान्वयन गर्न अझै सशक्त हुनु आवश्यक छ । विशेषगरी स्थानीय तहले बालबालिकाको सुरक्षाको लागि पहिलो प्राथमिकताका साथ सामाजिक जागरण अभियान सशक्त रूपमा सञ्चालन गर्न आवश्यक छ भने अभिभावकहरूले आफ्ना बालबालिकालाई हिंसाबाट जोगाउनका लागि पर्याप्त समय दिन आवश्यक छ । बालबालिकाका लागि काम गर्ने विभिन्न गैरसरकारी संस्थाहरूले पनि बालिकाहरूको सुरक्षाका लागि विशेष संरक्षण अभियान थाल्न जरूरी छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सजिलै अरूको मन जित्न सकिनेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ । | **तुला** : विगतका गलत निर्णयले पनि काममा चुनौती र झमेला आउने देखिन्छ। |
| **वृष** : धार्मिक कृत्यमा परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । | **वृश्चिक** : गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **मिथुन** : सरकारी निकायको भय रहला। शेयर बजारले पनि साथ नदेला । | **धनु** : अरुलाई प्रभावित पारेर काम बन्नेछ। कार्य क्षेत्रबाट सफलता हात लाग्नेछ । |
| **कर्कट** : जोशजाँगर र हिम्मत बढ्नेछ। प्रेम जीवन सुखद् नै रहनेछ । | **मकर** : जोशजाँगर र हिम्मत बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा पनि हुनसक्छ । |
| **सिंह** : आँटिको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ, । | **कुम्भ** : गरेका निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ। |
| **कन्या** : दिन लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहनेछ । | **मीन** : जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ । |




कश्यपको कथा ● कमल रिजाल

# आलस्यको करामत



आलश्य जीवनको ठूलो शत्रु हो । यस्ता मानिसले कहिल्यै प्रगति गर्न सक्दैन । सदैव अरूले गरिदेला र खाउँला भन्ने सोचमा रहने भएकाले उसका लागि कुनै बेला यस्तो दिन पनि आउन सक्छ, जहाँ खानै नपाएर भोकभोकै तड्पिनुपर्ने हुन्छ । धेरै पहिलेको कुरा हो । एउटा गाउँमा एक जना साह्रै अल्छी मानिस बस्थ्यो । उसलाई ढलेको सिन्कोसम्म उठाउनुपर्‍यो भने पनि ज्वरो आउने गर्थ्यो । सदैव आफ्नो काम कसले गरिदेला र खान पाइएला भन्ने गर्थ्यो र त्यस्तै मानिको खोजीमा हिँड्ने गर्थ्यो । उसको व्यवहारबाट गाउँलेहरू आजित भइसकेका थिए । यहाँसम्म घरपरिवारका सदस्यसमेत हैरान थिए । अघिपछि कता लाग्थ्यो पत्तै हुन्थेन । जब साँझ बिहान खाने बेला हुन्थ्यो तब अगाडि जो भेटिन्थ्यो उसैको घरमा भतुवा लाग्न पुग्थ्यो । उसले मागेपछि दिनै पर्ने हुन्थ्यो । नदिए कहिले घुर्की लगाउँथ्यो कहिले नानाभाँतीका गाली, गलौज तथा सत्तोसराप गर्न पुगिरहेको हुन्थ्यो ।

उसको बानी सुधार्न घरपरिवार लगायत गाउँहरूले समेत निकै प्रयास गरे तर कसैको पनि केही लागेन । त्यसै गाउँमा एक जना चतुर्भुज शर्मा नामक सज्जन बस्थे । उनी समस्या समाधान गर्न माहिर मानिन्थे । समस्या समाधान गर्न चतुर अर्थात् जस्तोसुकै समस्या पनि सहजै समाधान गर्ने भएकाले गाउँलेहरू उनलाई चतुरे भन्ने गर्थे । उनको स्वभाव अलि बेढङ्गको थियो तर समस्या लिएर आउनेको भने सबै समस्या चुट्कीको भरमा समाधान गरिदिन्थे । बिस्तारै गाउँलेहरूको यो समस्या उनको कानसम्म पनि पुग्यो । पहिले त यसतर्फ खासै चासो दिएका थिएनन् जब गाउँलेहरू आफैँ समाधान गरिदिन आग्रह गर्न आए तब उनी पनि मौन रहन सकेनन् र चाँडै नै समस्या समाधान गर्ने आश्वसन दिएर उनीहरूलाई विदा गरे । समय बित्दै गयो । चतुरे अल्छीलाई सवक सिकाउने उपयुक्त समयको प्रतीक्षामा गर्न लागे । यत्तिकैमा एक दिन उनको भेट उक्त अल्छी मानिससँग भयो । उसलाई देख्नासाथ चतुरेले मीठो शब्दमा सम्बोधन गर्दै भने- 'अल्छी भाइ ' आज कसैलाई उल्लु बनाउन पाएनौ ? अनुहार मलिन देख्छु नि ? कतै भोकै त छैनौ ? यस्तै हो भने त राम्रो भएन है । भो छाडौँ यी कुरा । यस अघि जे भयो, भयो बिर्सि देऊ । अब त्यस्तो हुने छैन । एक पेट खानकै लागि चिन्ता लिनुपर्दैन । भरे बेलुकाको भोजनका लागि मेरो घरमा आउनु ठीक सात बजे । भरपेट चाहे अनुसारको भोजन गर्न पाउने मात्र छैनौ आइन्दा एक पेट खानका लागि चिन्तित हुनुनपर्ने शिक्षासमेत पाउने छौ ।' चतुरेको कुरा सुनेर अल्छी महोदयलाई निकै खुसी लाग्यो । उनले यस अघि विश्वासै गर्न नसकिने कामसमेत पूरा गर्दै आएकाले उनको भनाइमा अविश्वास गर्नुपर्ने अवस्था पनि थिएन । त्यसैले उसले प्रश्न मुद्रमा भन्यो- 'साँच्चै हो ? के निमन्त्रणा नै हो भनेर मानौँ ?' 'अनि के त भाइ ' अहिलेसम्म झुट बोलेको थाहा पाएका छौ ?' 'त्यो त छैन ।' 'अनि ?' 'त्यस्तो उपाय छ भने अहिले नै सिकाई दिनुस् हुन्न ?' 'हुँदैन ।' 'किन ?' 'किनकि यस्तो मन्त्र सिकाउन साँझको समय चाहिन्छ ।' यति भनेर चतुरे हिँडे । अल्छी महोदय साँझको प्रतीक्षा गर्न लाग्यो । उसलाई त्यो दिन निकै लामो लाग्यो । पहिलो कुरा त प्रतीक्षाको समय यसै पनि सबैलाई लामै लाग्छ । त्यसमाथि उसले त्यस दिन बिहानैदेखि केही खान पाएको थिएन । जब साँझ पर्न लाग्यो तब उसले हतार हतार चतुरेको आगनमा पुगेर भन्यो- 'आइपुगेँ शर्माजी' भोजन तयार छ होइन । चाँडो गर्नुस्, भोकको मारे प्राणै निस्केला जस्तो भइसकेको छ ।' उसको कुरा सुन्नासाथ चतुरेले एकछिन है भन्दै बाहिर आएर हात गोडा धुन आग्रह गरे । त्यसपछि अल्छीले हतार हतार हात गोडा धोयो र मुख मिठ्याउँदै खानाको प्रतीक्षा गर्न लाग्यो तर निकै बेर प्रतीक्षा गर्दा पनि चतुरे खाना लिएर नआएपछि उसले सशङ्कित हुँदै भन्यो- 'होइन हो चतुरेजी' खोइत खाना ? तयार छ भन्नुभएको होइन ?' चतुरेले सबकका लागि यही मौका उपयुक्त ठाने र मुसुक्क हाँस्दै भने- 'भोजन त तयार छ महाशय' सबै ठीकठाक नै छ । मात्र एक कुरो कमी छ । त्यसैको प्रतीक्षामा छु । त्यो पूरा हुनासाथ खान पाउनुहुनेछ ।' 'एउटा कुरो कमी छ रे ? के हो त्यो भनेको ?' 'यही कि खाना बनाउनका लागि दुईवटा हात चलाउने मानिसको कमी छ ।' त्यसपछि अल्छीलाई कुरो बुझ्न बेर लागेन । उसले आफूलाई होच्याउन चतुरेले यी सब गरेका हुन् भन्ने ठान्यो र दायाँ बायाँ कतै नहेरी कुलेलम ठोक्यो । उसले त्यो रात न कतै बास पायो न गाँस नै । यस घटनाले उसलाई यति अपमानित बोध गरायो कि त्यसपछि कडा मिनेत गरी आफ्नै कमाई खान थाल्यो । जब उसले आफ्नो बानी सुधारेको थियो तब उसमाथि हेर्ने गाउँलेहरूको दृष्टिकोण पनि स्वत: सुध्रियो । हिजोसम्म सबैको छि:छि र दुरदुर बन्दै आएका अल्छी महाशय अब सबैको हाईहाईमा परिणत भयो ।

*-रातोपाटी डटकम*

*एउटा गाउँमा एक जना साह्रै अल्छी मानिस बस्थ्यो । उसलाई ढलेको सिन्कोसम्म उठाउनुपर्‍यो भने पनि ज्वरो आउने गर्थ्यो । सदैव आफ्नो काम कसले गरिदेला र खान पाइएला भन्ने गर्थ्यो र त्यस्तै मानिको खोजीमा हिँड्ने गर्थ्यो । उसको व्यवहारबाट गाउँलेहरू आजित भइसकेका थिए । यहाँसम्म घरपरिवारका सदस्यसमेत हैरान थिए । अघिपछि कता लाग्थ्यो पत्तै हुन्थेन । जब साँझ बिहान खाने बेला हुन्थ्यो तब अगाडि जो भेटिन्थ्यो उसैको घरमा भतुवा लाग्न पुग्थ्यो । उसले मागेपछि दिनै पर्ने हुन्थ्यो । नदिए कहिले घुर्की लगाउँथ्यो कहिले नानाभाँतीका गाली, गलौज तथा सत्तोसराप गर्न पुगिरहेको हुन्थ्यो । उसको बानी सुधार्न घर परिवार लगायत गाउँहरूले समेत निकै प्रयास गरे तर कसैको पनि केही लागेन । त्यसै गाउँमा एक जना चतुर्भुज शर्मा नामक सज्जन बस्थे । उनी समस्या समाधान गर्न माहिर मानिन्थे ।*

क्लासिक निबन्ध ● शङ्कर लामिछाने

# मौन अभिव्यक्ति

मन नभएको बेला लेख्नु जस्तो गाह्रो केही छैन । जस्तै अभ्यस्त भए पनि कुरा आउँदैन लेख्न भनेको कुरा एक अदृश्य अनुहारसँग कुरा गर्ने भनेको त हो नि ! थाहा छैन, अरू कसरी लेख्छन्, मचाहिँ एक विशेष पाठकको कल्पना गर्छु । 'सायद त्यो म आफैँ पनि हुन सक्छु !' र त्यस पाठकको ज्ञान म लेखकको भन्दा बढी भएको अनुभव गर्छु 'त्यसकारण त्यो पाठक म नहुन पनि सक्छु !' अनि म निर्धक्क लेख्न थाल्छु, उसले नबुझ्ला भन्ने शङ्का मलाई हुँदैन । कारण, नबुझेको कुरा अरूलाई बुझाउने रोगले मलाई अझ छोएको छैन । अँ, त लेख्तालेख्ता आजकल अलि वाक्क पनि लाग्न थाल्यो-लेख्ने कुराले होइन, लेखनबीचका कुराले, अझै स्पष्ट भन्ने हो भने नलेखिने कुराले । स्टेट्सम्यानमा हालै प्रकाशित एक लेखमा बहुतै मीठो पङ्क्ति छ लेखिएको छ- भाषाको आविष्कार भाव छिपाउन भएझैँ, बजेटको निर्माण सूचना लुकाउन भएजस्तो छ । पढ्दैपढ्दै म टक्क अडिएँ । भाषाको आविष्कार भाव छिपाउन भयो ? मनन गर्न थालेँ, यसमा कत्तिको सत्य छ... ! भाषाहीन समाज वा परिवारको अभिव्यक्ति कस्तो हुन सक्थ्यो, त्यो परिकल्पना गर्नासाथ कुरा बुझिन्छ । भोक लाग्यो, खोस्यो-खायो, रिस उठ्यो, पिट्यो-मार्‍यो । मनुष्यका भावनाहरूको मौलिक क्रियात्मक प्रदर्शनलाई चिन्तनले ढिला पार्‍यो र भाषाले झूट बोल्न सिकायो वा भनौँ आफैँलाई छल्न । भोक लाग्ने बेलामा समेत खोस्न 'नहुने' नियम नै भाषाको अभिव्यक्ति थियो ।

सायद यही प्राथमिक सिद्धान्तको परम्परागत असर आजसम्म पनि विद्यमान छ- ईश्वरको आकार व्यक्त गर्न हामीलाई 'निराकार' शब्द चाहिन्छ, रूप व्यक्त गर्न 'अरूप'। मनमा अभिव्यक्ति दर्शाउन दुई आयामे शब्द र चिह्न वा ध्वनि । दुईवटा वस्तुका माध्यममै आयामिक पृथकता छ भने एउटाले अर्काको प्रतिनिधित्व कसरी गर्न सक्छ ? लेखन वा चित्रण वा रोदन-गायन र पूण अनुभवको एक आंशिक अयथार्थ अभिव्यक्ति मात्र सियोले घोच्ता भएको दर्द र मुङ्ग्रोले औँला हिर्काउँदा भएको दर्दको हाम्रो प्राथमिक प्रतिक्रियाको शब्द एउटै छ- 'ऐय्या'। तर दुई दर्दबीचको तीव्रता दुवैमा प्रकट हुँदैन । अनि हामी उपमा खोज्न प्रयास गर्छौं । विश्लेषणको अनुभव गर्छौं तर वास्तवमा फन्को मात्र मारिरहेका हुन्छौँ । फन्कोको अन्त्य हुन्छ, मान्यता प्रदान गरेपछि । 'कमिलाले टोकेजस्तो च्वास्स सियो बिझ्यो'बाट त्यस दर्दको तीब्रता तौलियो : कमिलाको टोकाइ नबुझुन्जेल र त्यसलाई स्वीकार नगरुन्जेल सियोको घोचाइको 'ऐय्या' बुझ्न हामी सक्तैनौँ । तापनि रौँचिरा कुरा गर्ने हो भने, त्यो मान्यता स्वयम् यथार्थबाट कत्ति फरक छ । यथार्थ त एक भिन्न भावको परवेशमा मात्र व्यक्त भयो । यसैले होला भनिएको- 'भाषाको आविष्कार भाव छिपाउन भयो ।' लगत्तै मैले अघि एक अर्को प्रश्न गरेको थिएँ-यसमा कत्तिको सत्य छ ? अब, यसउपर विचार गरौँ । त आजसम्म रचिएका धर्मग्रन्थ, दर्शन र अनेक ऋषिवाणी के त अयाथार्थिक अभिव्यक्ति हुन् ? र, तिनलाई हामीले प्रदान गरिदिएको मान्यताकै आधारमा ती टिकेका छन् ? उनको रौँचिरे अध्ययन गर्न हामीले ती मान्यतालाई पन्छाइदियौँ भने तिनको अस्तित्व कस्तो रहन जानेछ ? के यसै कारणले गर्दा हो त, एकपछि अर्को धर्म निस्केर पनि कुनैले परिपूर्णता ग्रहण गर्न नसकेको ? के यही कारण हो त एकपछि अर्को महान् उक्तहरू निस्केर पनि जनभावनालाई तिनले पूर्णतया उत्प्रेरित गर्न नसकेका ? अथवा, तिनलाई निर्माण गरिंदाको तिनको मान्यताको मूल्य समय-समयमा अवमूल्यन हुन जान्छ ? जीवन र रचना ज्यादै नगिच हुन्छन् : एकको प्रभाव अर्काउपर परिरहेको हुन्छ । जीवनका असंख्य पक्षले पारिरहेका प्रभावलाई व्यक्त गर्न चित्रकलाले यदि ननफिगरेटिभ अभिव्यक्ति खोज्यो, के त यसै गरी साहित्यले पनि शब्दहीन अभिव्यक्ति खोज्ला ? 'एउटा वैज्ञानिक गल्पमा सुदूर भविष्यको पृथ्वीको जन-जीवन चित्रण, गरेको पढेको थिएँ । मानव-मस्तिष्क पूर्ण विकसित भएको त्यस परिस्थितिमा व्यक्ति-व्यक्तिबीच मौन वार्तालाप हुन्थ्यो । मस्तिष्क-तरङ्गलाई सोझै अनुभूतिमा बदल्न ती समर्थ थिए । र हाम्रा युगका साहित्य-कृतिहरूको रसास्वादन प्राचीन कृति भनी ती इन्जेक्सन लिएर गर्थे, भनौँ, रोमियो जुलियट नाटकको एक इन्जेक्सन-कारण त्यसको रचना नै शब्दका ध्वनिबाट भएको छ र त्यसलाई उनीहरू स्पन्दन तरङ्गमा मात्र परिणत गर्न सक्थे !' सम्भव छ, त्यसकाण, यस्तो पनि पढ्ने शैली मानव-मस्तिष्कले खोजी निकाल्ला, जसद्वारा देखमा नलेखिएका कुरा बुझ्न सकियोस् अथवा भन्न सकियोस्-फलानो कविले फलानोबारे किन लेखेन ! 'यस सन्दर्भमा नभनेको कुरा बुझ्ने त्यस विकसित युगका लागि भन्न चाहेको कुरा पनि भन्न नसक्ने हामी लेखक कस्ता पाषाण-युगका बनौँला, म आज परिकल्पना पनि गर्न सक्दिन । र, मलाई एक अनौठो लाज लाग्छ, यस्तो लाज जसलाई व्यक्त गर्न मसँग शब्द छैन । र, सायद शब्द नपाएर त्यसलाई अव्यक्त नै रहन दिएर त्यसको यथार्थ रूप व्यक्त गर्न म सफल भएँ कि !' त यस मौन अभिव्यक्तिको के केही अर्थ छ ? मभन्दा सभ्य पाठकको जुन रूप छ मेरो अगाडि, त्यसको अनुहारमा समेत जिज्ञासा उम्रेको तर समाधान नपाएको भाव म देखिरहेछु । 'यति लेखी मात्र के सकेको थिएँ, लेखन-प्रवाहमा एक बाधा आयो, टेलिफोनको ध्वनिमा । उठेँ, गएँ, कुरा गरेँ र रङ नम्बरको छोटो प्रेमालापपछि मलाई प्रवाह पक्रिन लेखिसकेको कुरा सारा फेरि दोहोर्‍याउनुपर्‍यो । दोहोर्‍याएँ र हाँसो उठ्यो ।' हाँसो केमा उठ्यो भने मेरो समस्याको प्रस्तुतीकरण त समाधानबाट नै उत्पन्न भएको रहेछ । भनौँ न, जसरी व्यक्त गर्नु छोप्नु हो, उसरी नै छोप्नु पनि त व्यक्त गर्नु हो । मिनी, मोड र म्याक्सी पोसाकमा समेत त्यही लागू हुन्छ । फरक त हेरिदिने आँखा आफ्नो अधिग्रहण शक्ति तथा मनस्थितिउपर छ उपनिषद्मा बारबार चर्चा हुने सर्प-रज्जुको दृष्टान्तझैँ । 'मैले यो लेखिरहेको कुरालाई अनेकले अनेक अर्थ लगाउने स्पष्ट छ संसारका सारा व्यक्ति पढे पनि, एउटाको वास्तविक अर्थ अर्कोसँग अलि-न-अलि मात्रामा फरक खानेछ नै । यो उनको आफ्नो वैयक्तिक चरित्रको विशेषता हो, मेरो केही छैन त्यसमा ।

म त एउटा खसी थिएँ, मरिदिएँ, टुक्रिएँ, अनेक घर पुगिदिएँ : कवाब वा भुटुवा वा रस वा लेदो जे स्वाद आउँछ, खानेलाई- यो त्यसको फ्रिज, प्रेसरकुकर, कसौँडी, ताप्के, मकल र पकाउने प्रकियामा भर परेको छ ।' हाँसो मलाई उठेको कारण यही हो मैले आफूलाई व्यक्त गर्न आखिरमा चारखुट्टे जनावरको भर लिनुपर्‍यो र त्यो पनि मांसाहारी परिकारको स्वादको माध्यमको । निरामिषका लागि मेरो यो सारा उदाहरण खेर गएन ? यसरी, मैले आफूलाई व्यक्त गर्नुसट्टा आफूलाई छोपी पो रहेको रहेछु । यत्ति सारा लेखेर मैले जेजति व्यक्त गरेँ, त्यसभन्दा बढी त लेख्न नसकेर पो व्यक्त गरेको रहेछु ! क्या हास्यास्पद परिस्थिति ? म पाठकतिर हेर्छु । उसको अनुहारमा पनि हाँसो फुट्न खोजिरहेछ । अब...सिर्फ मौन वन्दना !

*-साहित्यपोस्ट डटकम*

*जीवनका असंख्य पक्षले पारिरहेका प्रभावलाई व्यक्त गर्न चित्रकलाले यदि ननफिगरेटिभ अभिव्यक्ति खोज्यो, के त यसै गरी साहित्यले पनि शब्दहीन अभिव्यक्ति खोज्ला ? 'एउटा वैज्ञानिक गल्पमा सुदूर भविष्यको पृथ्वीको जन-जीवन चित्रण, गरेको पढेको थिएँ । मानव-मस्तिष्क पूर्ण विकसित भएको त्यस परिस्थितिमा व्यक्ति-व्यक्तिबीच मौन वार्तालाप हुन्थ्यो । मस्तिष्क-तरङ्गलाई सोझै अनुभूतिमा बदल्न ती समर्थ थिए । र हाम्रा युगका साहित्य-कृतिहरूको रसास्वादन प्राचीन कृति भनी ती इन्जेक्सन लिएर गर्थे, भनौँ, रोमियो जुलियट नाटकको एक इन्जेक्सन-कारण त्यसको रचना नै शब्दका ध्वनिबाट भएको छ र त्यसलाई उनीहरू स्पन्दन तर ङ्गमा मात्र परिणत गर्न सक्थे !' सम्भव छ, त्यसकाण, यस्तो पनि पढ्ने शैली मानव-मस्तिष्कले खोजी निकाल्ला, जसद्वारा देखमा नलेखिएका कुरा बुझ्न सकियोस् अथवा भन्न सकियोस्-फलानो कविले फलानो बारे किन लेखेन ! 'यस सन्दर्भमा नभनेको कुरा बुझ्ने त्यस विकसित युगका लागि भन्न चाहेको कुरा पनि भन्न नसक्ने हामी लेखक कस्ता पाषाण-युगका बनौँला, म आज परिकल्पना पनि गर्न सक्दिन । र, मलाई एक अनौठो लाज लाग्छ, यस्तो लाज जसलाई व्यक्त गर्न मसँग शब्द छैन । र, सायद शब्द नपाएर त्यसलाई अव्यक्त नै रहन दिएर त्यसको यथार्थ रूप व्यक्त गर्न म सफल भएँ कि !' त यस मौन अभिव्यक्तिको के केही अर्थ छ ?*

# काँग्रेस पाल्पाको आर्थिक सल्लाहकारमा श्रेष्ठ मनोनीत



**पाल्पा,** चैत १४/नेपाली काँग्रेस पाल्पाको आर्थिक सल्लाहकारमा तानसेन नगरपालिकाका नगर प्रमुख तथा काँग्रेस नेता सन्तोषलाल श्रेष्ठ मनोनीत भएका छन् । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले तानसेन नगरपालिका-२ निवासी श्रेष्ठलाई आर्थिक सल्लाहकारमा मनोनीत गरेका हुन् ।

पार्टीको आर्थिक पाटोलाई थप चुस्त र प्रभावकारी बनाउन श्रेष्ठलाई पार्टी सभापतिले आर्थिक सल्लाहकारमा मनोनीत गरेको पार्टी प्रवक्ता शोभाखर न्यौपानेले बताए । आर्थिक सल्लाहकारमा मनोनीत भएका श्रेष्ठ नेपाली काँग्रेसका पूर्व जिल्ला सदस्य समेत हुन् । प्राध्यापक संघ त्रिभुवन बहुमुखी क्याम्पसको सभापति हुँदै केन्द्रीय सदस्य भएका उनी वि.स. २०४८ सालमा नेपाली काँग्रेसको क्रियाशिल सदस्यता लिएका थिए । त्रिभुवन बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखको कूशल जिम्मेवारी बहन गरेका श्रेष्ठ ३० वर्ष प्राध्यापन क्षेत्रमा संलग्न रहे । लामो समय लुम्बिनी मेडिकल कलेजमा निर्देशकका रुपमा रहेका श्रेष्ठ २०७९ सालको स्थानीय तहको निर्वाचनमा नगर प्रमुखमा निर्वाचित भएका थिए । त्यसअघि प्रशासनिक क्षेत्रको महत्वपूर्ण जिम्मेवारी पूरा गरेका श्रेष्ठ आर्थिक क्षेत्रमा समेत दखल मानिन्छन् । पार्टी सभापति श्रेष्ठले पार्टी कार्यकर्ताहरुलाई आर्थिक उत्पादनसँग जोड्ने योजना बनाएका छन् । उक्त योजनालाई सफल बनाउन सल्लाहकारको समेत महत्वपूर्ण भूमिका रहनेछ । अहिलेको जटिल अवस्थामा आर्थिक योजना बनाउनमा इमान्दारिताका साथ सल्लाहकार श्रेष्ठले ज्ञान र क्षमता प्रदर्शन गर्नेमा सभापति श्रेष्ठले विश्वास व्यक्त गरेका छन् ।

# प्रशिक्षणले मात्रै पार्टी संगठन मजबुत हुन्छ : उपसभापति श्रेष्ठ



**दाङ,** चैत १४/नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति तथा प्रदेश प्रशिक्षण विभागका प्रमुख भुवनप्रसाद श्रेष्ठले प्रशिक्षणले मात्रै पार्टीको संगठन मजबुत हुने बताएका छन् । नेपाली काँग्रेस दाङको प्रशिक्षण शाखाले आयोजना गरेको दुई दिने प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले संगठनलाई बलियो बनाउन प्रशिक्षण महत्वपूर्ण हुने बताएका हुन् ।

उपसभापति श्रेष्ठले नेपाली काँग्रेसका अगुवा कार्यकर्तालाई प्रशिक्षित नगरदासम्म पार्टी बलियो हुन नसक्ने धारणा व्यक्त गरे । उनले भने 'प्रशिक्षण मार्फत नीति, सिद्धान्त र विचारलाई परिस्कृत गर्दै अगाडि बढ्ने सोंचलाई व्यवहारिक बनाउने हो भने देशव्यापी रुपमा पार्टी मजबुत बन्छ ।' मुलुकको वर्तमान राजनैतिक अवस्थाका बारेमा टिप्पणी गर्दै प्रदेश उपसभापति श्रेष्ठले समयमै सरकारबाट काँग्रेस बाहिरिएका अब संगठन विस्तारमा ध्यान दिनुपर्नेमा जोड दिए । उनले भने 'माओवादी र एमाले ढीलो चाडो मिल्छन् भन्ने कुरा काँग्रेसलाई राम्रैसँग थाहा थियो । समयमै सरकारबाट काँग्रेस बाहिरियो अबको समय संगठन विस्तार गर्नु खर्चिनुपर्छ ।' काँग्रेस लुम्बिनी प्रदेश समितिका सदस्य तथा प्रशिक्षक छन्द पहराईले काँग्रेसले महिला, युवा, सबै वर्गलाई समावेशी रुपमा समेटेर संगठन विस्तारमा लाग्नुको विकल्प नभएको बताए । उनले काँग्रेसले मुलुकमा राजनैतिक इतिहास निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका कुरालाई जनतामाझ लैजानुपर्ने बेला आएको समेत उल्लेख गरे । कार्यक्रममा नेपाली काँग्रेस दाङका सभापति शंकरप्रसाद डांगी, पूर्वसभापतिहरु भरत केसी, कृतिबहादुर खड्का, क्षेत्र-२ का सभापति डिल्लीबहादुर वस्नेत, क्षेत्र -३ का क्षेत्रीय सभापति जगतबहादुर खड्का, क्षेत्र -३ प्रदेश (ख) का सभापति खिमबहादुर ओली, शान्तिनगर गाउँपालिकाका अध्यक्ष प्रमोद वस्नेत, दंगीशरण गापाका अध्यक्ष शम्भु गिरी लगायतले प्रशिक्षणले पार्टीमा थप उर्जा थप्ने भन्दै सिकेका कुरालाई व्यवहारमा लागु गर्नुपर्ने धारणा व्यक्त गरे । प्रशिक्षणमा भूवन प्रसाद श्रेष्ठ, चन्द पहराई, भोला अधिकारी, सुदीप गौतम, बाबुरा विश्वकर्मा, सरस्वती गौतम घिमिरे, वमवहादुर डिसी, जगदीश भट्टराई, गोविन्द न्यौपाने लगायतले दुई दिनसम्म प्रशिक्षण दिएका थिए । चैत्र १३ र १४ गते दुई दिनसम्म चलेको हो ।

प्रशिक्षणमा दाङ निर्वाचन क्षेत्र -३ का राजपुर, गढवा, वंगलाचुली, लमही, घोराही, तुलसीपुर, दंगीशरण, शान्तिनगर, वबई र राप्ती गरी दश स्थानीयतहका अगुवा नेताहरुको सहभागिता रहेको प्रशिक्षण शाखा दाङले जनाएको छ । दाङको प्रशिक्षण शाखाको आयोजना, काँग्रेस लुम्बिनी प्रदेशको प्रशिक्षण विभागको समन्वयमा भएको प्रशिक्षण दाङ शाखाका संयोजक कमनसिंह भारतीको अध्यक्षतामा भएको थियो ।


# सांघातिक आक्रमणबाट सहकारी...

...उनीहरुको खोजिकार्य भैरहेको प्रहरीले जनाएको छ । पाण्डे जिल्ला सहकारी संघ लि. पाल्पाका अध्यक्ष, बचत तथा ऋण सहकारी संघ लिका सल्लाहकार समेत हुन् । उनी माथि आक्रमण गर्नेलाई तत्काल पक्राउ गरी कारवाही गर्न जिल्लाका सहकारी संघहरुले माग गरेका छन् । जिल्ला सहकारी संघ र बचत तथा ऋण सहकारी सं. लिले संयुक्तरुपमा विज्ञप्ती जारी गरी पाण्डे माथि भएको सांघातिक आक्रमणको घटनाले सिंगो सहकारी अभियानको गम्भीर ध्यानाकर्षण भएको भन्दै आक्रमण गर्ने व्यक्तिलाई तत्काल पक्राउ गरी कारवाही गर्न सम्बन्धित निकायसँग माग गरेका हुन् ।

सहकारी अभियानलाई जतातत्तैबाट विभिन्न किसिमबाट प्रहार भई रहेको वर्तमान अवस्थामा छलफल, सहमति र सहजताका साथ हुनपर्नेमा व्यक्तिगत रुपमा सांघातिक आक्रमण हुनु निन्दनीय र गैरकानूनी कार्य रहेको बचत संघका अध्यक्ष जगदिश भट्टराई र जिल्ला सहकारी संघका सचिव कृष्ण भुसालद्वारा जारी विज्ञप्तिमा भनिएको छ । सहकारी अभियन्ता माथि भएको आक्रमण दुखद् भएको भन्दै आक्रमण गर्ने व्यक्तिहरुलाई तत्काल पक्राउ गरी कानुन बमोजिम कडा भन्दा कडा कारवाही गर्न समेत उनीहरुले माग गरेका छन् ।

## खेलकुद समाचार

# बहराइनसँग नेपाल पुनः पराजित



**काठमाडौं,** चैत १४/फिफा विश्वकप २०२६ र एएफसी एसिया कप २०२७ को दोस्रो चरणको छनोटमा नेपाल बहराइनसँग लगातार दोस्रो खेलमा पराजित भएको छ । रिफास्थित बहराइन नेशनल स्टेडियमा बुधबार भएको समूह एचको खेलमा नेपाल घरेलु टोली बहराइनसँग ३-० ले पराजित भएको हो ।

छनोटको समूह एचमा रहेको नेपालको यो लगातार चौथो हार हो भने एक सता भित्र बहराइनसँग दोस्रो हार हो । यसअघि ८ गते बिहीबार रिफामै खेलिएको खेलमा नेपाल बहराइनसँग ५-० ले पराजित भएको छ । दोस्रो खेलमा नेपालले सुधारिएको प्रदर्शन गरेको थियो । समूहमा चार खेलमा पराजित भएको नेपाल अंक विहीन छ । यस हारपछि समूहमा शीर्ष दुईमा रहेर विश्वकप छनोटको तेस्रो चरण र एएफसी एसियन कप २०२७ मा सिधैं छनोट हुने नेपालको सम्भावना सकिएको छ । तर एसियन कपमा छनोट हुने नेपालको बाटो भने अझै सकिएको छ ।

समूहमा तेस्रो र चौथो हुने टिमले एसियन कप छनोटको तेस्रो चरणमा खेल्न पाउनेछन् । बुधबारनै भएको खेलमा खेलमा युएईले यमनलाई पराजित गर्दै शतप्रतिशत जित निकालेको छ । चार खेलबाट युएई १२ अंकसहित समूह एचको शीर्ष स्थानमा छ । युएईले समूहको अन्तिम दुई खेलअघिनै शीर्ष दुईमा स्थान पक्का गर्दै विश्वकप छनोटको तेस्रो चरण र एसियन कपमा स्थान सुरक्षित गरेको छ । ३ जित र १ हारसहित ९ अंक जोडेको बहराइन दोस्रो स्थानमा छ । ४ खेलबाट ३ अंकसहित यमन तेस्रो स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट



**पाल्पा,** चैत १४/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १० दशमलव ८३ अंकले घटेर दुई हजार ३० दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

तीन सय १० कम्पनीको ६० लाख ४७ हजार २१ कित्ता शेयर ४४ हजार दुई सय ४९ पटक खरिद बिक्री हुँदा रू दुई अर्ब २३ करोड ५४ लाख ८५ हजार पाँच सय ३४ बराबरको कारोबार भएको छ । उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ७२ र व्यापार समूह एक दशमलव ६० प्रतिशतले घटेको छ । बुधबारको कारोबारमा सर्वोत्तम सिमेन्टको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव ६६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू नौ करोड ७२ लाख २२ हजार तीन सय २० बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको दुई लाख ३० हजार एक सय ८२ बराबरको कारोबार भएको छ ।

# आजदेखि एसइई : पाल्पामा...

...परीक्षालाई सभ्य एवं भव्य बनाउन परीक्षा समन्वय समितिले सबैलाई आग्रह गरेको छ । उसले परीक्षामा कुनै अमर्यादित गतिविधि हुन नदिन सबैलाई सचेत समेत बनाएको छ । आज हुन लागेको परीक्षामा पाल्पासहित देशभरबाट पाँच लाख चार हजार ४ सय १४ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ परीक्षार्थी सहभागी हुने बोर्डले जनाएको छ । यसै वर्षदेखि नयाँ ग्रेडिङ प्रणाली लागू हुँदैछ । जसमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अंक नल्याउने विद्यार्थी नन्ग्रेडिङ (एनजी) मा पर्नेछन् । दुई विषयसम्म एनजी आउने विद्यार्थीले ग्रेडिवृद्धि परीक्षा दिन पाउनेछन् । दुईभन्दा बढी एनजी आए अर्को वर्ष ती विषयको परीक्षा दिनुपर्नेछ ।


**सन्तोष चलचित्र मन्दिरमा...**




सन्तोष चलचित्र मन्दिर तानसेनमा चैत्र ९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ नेपाली चलचित्र **'महाजात्रा'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेस्रो सो साँझ ५:३० बजे*

**(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)**


## तानसेन नगरपालिकाको जरुरी सूचना

यस सुन्दर नगरी तानसेनको बजार क्षेत्रमा केही व्यवसायीहरुबाट सडक पेटी अवरोध हुनेगरी व्यापारिक सामान, निर्माण सामग्री राख्ने कार्य गरेको देखिएको हुँदा सो कार्यले सडक अवरुद्ध भई पैदल तथा सवारी आवगनमा समस्या भैरहेको र समग्र नगरको सौन्दर्यतामा समेत असर परेको हुँदा सो कार्य नगर्नु/नगराउनु हुन सम्पूर्ण व्यवसायी तथा नगरवासीहरुमा अनुरोध छ ।

यो सूचनालाई बेवास्ता गरी मिति २०८० चैत्र १७ गते भित्रमा सडक पेटीमा राखिएका सरसामानको उचित व्यवस्थापन नगरेमा मिति २०८० चैत्र १८ गते देखि उल्लेखित सामग्री जफत गरी नियमानुसार कारवाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

अनुरोधक

तानसेन नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई